# सहकारी मार्फत खाद्य वस्तु वितरण गर्ने निर्देशिका

१. **खाद्य संस्थानले विक्रेता नियुक्त गर्नेः**

(क) देश भर खाद्य वस्तु विक्री वितरण गर्न संस्थानले सहकारी संस्थानहरुलाई विक्रेता तोक्न सक्नेछ। यसरी तोकिएका सहकारी संस्थालाई नेपाल खाद्य संस्थानले विक्रेता नियुक्त गरिएको प्रमाणपत्र दिनेछ।

(ख) संस्थानले सूचना गरी विक्रेता हुन ईच्छुक सहकारीलाई आमन्त्रण गर्न सक्नेछ। संस्थानले ईच्छुक सहकारीहरु मध्येबाट आवश्यकतानुसार विक्रेता नियुक्ती गर्नेछ।

(ग) विक्रेता तोकिने सहकारी संस्था नियमानुसार दर्ता, नविकरण भएको र खाद्य वस्तुको विक्री गर्न अनुमति प्राप्त गरेको हुनुपर्नेछ ।

२. **बिक्री मूल्य, विक्रेता कमिसन सम्बन्धी व्यवस्थाः**

(क) सहकारीले वस्तु विक्री गर्दा नेपाल खाद्य संस्थानले तोकेको मूल्यमा विक्री गर्नु पर्नेछ।

(ख) बस्तु विक्री गरिदिए वापत सहकारी संस्थानाले खाद्य बस्तुको ढुवानी , लोड/अनलोड र कमिसन वापत खाद्यान्न खरिद गरिलिने डिपो , गोदाम तथा कार्यालयको विक्री मूल्य (गेट प्राईस ) मा प्रति के.जी.रु.५० भन्दा कम मूल्य भएकोमा ७ प्रतिशत तथा प्रति के.जी.रु.५० भन्दा वढी मूल्य भएकोमा ६ प्रतिशतका दरले कमिशन प्राप्त गर्नेछ ।

३. **खाद्य वस्तुको विक्री तथा डेलिभरीः**

(क) नेपाल खाद्य संस्थानले सहकारीहरुलाई पायक पर्ने आफ्ना गोदाम / डिपो तथा कार्यालय मार्फत खाद्य बस्तु उपलब्ध गराउनु पर्नेछ ।

(ख) खाद्य वस्तु प्राप्त गर्दा क्रेता सहकारीले अग्रिम भुक्तानी गर्नुपर्नेछ।

(ग) संस्थानले उपयुक्त देखेमा बैंक ग्यारेन्टिमा समेत वस्तु उपलब्ध गराउन सक्नेछ। यसरी बैंक जमानतमा खाद्य वस्तु उपलब्ध गराउँदा केता सहकारीले ६ महिना अवधिको भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । बैंक जमानतमा उल्लेखित रकमको ४ महिना भित्र हिसाव फरफारक गर्नु पर्ने छ सो नभएमा बैंक जमानतबाट असुल गरिनेछ ।